# वसन्तको 'वन्ली लभ'

■ शकुन्तला जोशी



तस्वीर : अशोक दुलाल

घरानियाँ व्यवसायी भएर पनि उनी अरूभन्दा फरक छन् । अन्तरमुखी स्वभावका उनी प्रायः साँझमा हुने पार्टी र जमघटमा सहभागी हुँदैनन् । दिनभरिको व्यवसायिक थकान मेट्न उनी घरकै एकान्त रोज्छन् । 'एकान्तमा उर्लिएका सबै भावना कहाँ टिप्न सक्नु र ! आउँछन् जान्छन् । तर, कहिलेकाहीँ शीतल बतासले छोएजस्तो वा कसैको प्रिय सम्झनाजस्तो भएर मनभित्र भावना बेरिँदै आउँछन्, अनि हतार हतार कोरिहाल्छु डायरीमा' गीतकार वसन्त चौधरी आफ्नो रचनागर्भ खोतल्छन् । यिनै भावनाहरूको चौथो कोशेलीस्वरूप उनको नयाँ एल्बम 'वन्ली लभ' भर्खरै सार्वजनिक भएको छ ।

सानैदेखि साहित्यप्रति रुचि भएका वसन्त तनावबाट मुक्त हुनलाई लेख्ने गरेको बताउँछन् । तर, उनको विचारमा लेख्ने वातावरण पनि तनावमुक्त हुनुपर्छ । 'खासगरी लामो दूरीको जहाज यात्रामा आफैभित्र हराइरहेको बेला म केही लेख्छु,' उनी भन्छन्, 'इन्द्रीयहरूलाई काबुमा राख्ने कला हो लेखन, यो योग साधनाभन्दा शक्तिशाली हुन्छ ।' उनी आफ्नो शौख र सन्तुष्टि साहित्य सृजनामा भेट्टाउँछन् । चारओटा उद्योगले दिनेभन्दा एउटा गीतको सफलताले बढी सन्तुष्टि दिने उनको भनाइ छ । त्यसमा पनि पछिल्लो समय म्युजिक लेखनप्रति लगाव बढेको उनी बताउँछन् । दुई दशकदेखि नियमित डायरी लेख्दै आएका उनको नयाँ एल्बममा ११ ओटा गीत समावेश गरिएको छ । कविताबाट शुरू भएको लेखनयात्रामा उनले करीब १ सयओटा जति गीत लेखिसकेका छन् । तीमध्ये ४५ ओटा गीत रेकर्ड भइसकेको उनले बताए । यसअघि उनको 'माया बसेछ', 'तिम्रै लागि' र 'रिफ्लेक्शन अफ लभ' नामका तीन एल्बम बजारमा आइसकेका छन् ।

'एकान्तमा उर्लिएका सबै भावना कहाँ टिप्न सक्नु र, आउँछन् जान्छन् । तर, कहिलेकाँही शितल बतासले छोएजस्तो वा कसैको प्रिय सम्झनाजस्तो भएर मनभित्र भावना बेरिँदै आउँछन् ।



न्ह्यू वज्राचार्यको सङ्गीत रहेको वसन्तको नयाँ एल्बम 'वन्ली लभ'मा लोक, मेलोडी, पप र ज्याजको सम्मिश्रण स्वाद लिन सकिन्छ । एल्बममा रामकृष्ण ढकाल, शिव परियार, सिने गुरुङ, हेमन्त राना, रीमा गुरुङ, योगेश्वर अमात्य, निलञ्जना, श्रेया सोताङ तथा भारतीय सुफी गायक कैलाश खेर र श्रेया घोषालले स्वर दिएका छन् । मुम्बईको 'गीत अडियो क्राफ्ट' स्टुडियोमा एलबममा समावेश गीतहरू रेकर्ड गरिएका हुन् ।

होटल सोल्टीमा गरिएको एल्बम विमोचन कार्यक्रममा एल्बमका दुई गीतको म्युजिक भिडियो पनि देखाइएको थियो । एल्मबका साथ शुभारम्भ गरिएको नयाँ कम्पनी सीजी इण्टरटेनमेण्टमार्फत् एल्बम निकालिएको हो । नयाँ कम्पनीकी निर्देशक वसन्तकी छोरी मेघा चौधरीको हातबाट एल्बमको विमोचन गरिएको थियो । आलोक नेम्वाङ र सुरजसिं ठकुरीले उक्त म्युजिक भिडियोको नर्देशन गरेका हुन् ।

## सीजी इण्टरटेनमेण्टको शुभारम्भ

नेपाली मनोरञ्जन उद्योगलाई संस्थागत गर्ने उद्देश्य लिएर चौधरी ग्रूपले नयाँ कम्पनीको शुरू गरेको छ । 'सीजी इण्टरटेनमेण्ट' नामक सो कम्पनीको गत बिहीवार होटल सोल्टी क्राउन प्लाजामा एक समारोहका बीच शुभारम्भ गरिएको छ । मनोरञ्जन उद्योगको विकासका लागि सम्पूर्ण अत्याधुनिक सुविधासहितको सेवा प्रदान गर्ने लक्ष्य कम्पनीको रहेको ग्रूपका निर्देशक वसन्त चौधरीले जानकारी दिए ।

यस इण्टरटेनमेण्ट सेवाप्रदायक तथा उत्पादन कम्पनीले नेपाली रङ्गमञ्च, सङ्गीत, सिनेमालगायत क्षेत्रका प्रतिभा विकासका लागि नयाँ मञ्च प्रदान गर्ने लक्ष्य लिएको छ । यसले नेपाली कलाकार, सङ्गीतज्ञ, सिनेमा र टीभी कार्यक्रमका उत्पादकहरूलाई आवश्यक पर्ने प्राविधिक सहयोग, तिनीहरूको राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा बजारीकरण गर्ने कार्यहरूसमेत गर्ने जानकारी दिएको छ । कम्पनीले विविधखाले मनोरञ्जनात्मक कार्यक्रमहरू तयार पार्ने, सिनेमा, टिभी सिरियलहरू तथा म्युजिक एल्बमहरूसमेत तयार गर्नेछ । यस्ता कार्यहरूमा टेवा पुऱ्याउन आवश्यक पूर्वाधार र अत्याधुनिक प्रविधिसहितका आउटडोर र इण्डोर स्टुडियोहरू निर्माण तथा सञ्चालन गर्ने कम्पनीको योजना रहेको छ ।

अनावश्यक उल्झनमा नपरी सर्जकलाई आफ्नो सृजनामा लाग्ने वातावरण यस कम्पनीले प्रदान गर्ने चौधरी बताउँछन् । 'एउटा सामान्य म्युजिक भिडियो बनाउनुपर्दा कलाकार आफै त्यसको सम्पूर्ण व्यवस्थापनमा दौडनुपर्छ । यसो गर्दा सर्जकको सृजनशीलतामा समेत बाधा पुग्छ,' गीतकार तथा लेखक चौधरी भन्छन्, 'कम्तीमा मैले एल्बम निकाल्दा पाएको दुःख अब अरूले भोग्नु नपरोस् भन्ने मेरो उद्देश्य हो ।' कम्पनीको पूर्वाधार विकासका लागि १० करोड रुपैयाँजति खर्च लाग्ने उनको अनुमान छ । यसका लागि नुवाकोटको ककनीमा ५० रोपनी क्षेत्रफलको एउटा डाँडो नै खरीद गरिएको उनी बताउँछन् । निर्देशक चौधरीका अनुसार उद्घाटनलगत्तै उक्त ठाउँमा मल्टिप्लेक्स निर्माण थालेर स्टुडियो बनाईनेछ ।

CG | Entertainment